नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- (अनुमतिपत्र ) ०८१/८२ (..............................................)
चलनी नं.:- १०५

मिति: २०८१/०८/२८

**बिषय:** खुंग्री सौर्य विद्युत आयोजना, रोल्पा, को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्ध।

श्री दुगड पावर प्रा.लि.
नक्साल , काठमाडौं
सम्पर्क : ९८२०११३७३२

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित खुंग्री सौर्य विद्युत आयोजना, रोल्पा,को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र उपर कारबाही हुँदा “विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका,२०७५ को दफा ७,८ र ९ अनुसार तथा “ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धि कार्यविधि ,२०७८” बमोजिम निम्नानुसारका विवरणहरु नपुग देखिएकोले निर्देशिकाको दफा (१०)को उपदफा (३) अनुसार ७ (सात) दिनको समयावधि पेश गर्नुहुन विभागको मिति २०८१/०८/२६ को निर्णयानुसार जानकारी गराइन्छ।

तपशिलः

१. प्रवर्द्धक संस्थाको दर्ता प्रमाण-पत्र,प्रबन्ध पत्र, नियमावली,PAN दर्ता,कर चुक्ता(०७९/८०),कम्पनि अध्यावधिक प्रमाण तथा अध्यावधिक शेयर लगत प्रमाणका प्रमाणित प्रतिलिपिहरु,
२. संचालक समितिको निर्णयबाट तोकिएको आधिकारिक व्यक्ति सम्बन्धि विवरण तथा औपचारिक पत्राचार गर्ने ठेगाना एवम सम्पर्क नम्बर,
३. CA बाट प्रमाणित कम्पनीको नाममा रहेको खुद सम्पति(Net Worth)को प्रति(UDINभएको),
४. Net Worth प्रमाणित गर्ने CAको संस्था दर्ता प्रमाण-पत्र,नवीकरण प्रमाण तथा COP प्रमाण पत्रका प्रमाणित प्रतिहरु,
५. परामर्शदाताबाट प्रमाणित डेस्क स्टडी प्रतिवेदन,
   - अध्ययन सम्पन्न गर्न र शुरुको एक बर्षमा गर्ने अध्ययनको कार्य तालिका (Work Schedule)
   - परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत (Cost Breakdown) र कुल अवधि(सर्वेक्षण र निर्माण समेतको लागि)
   - आयोजना विकास गर्ने विषयमा प्राविधिक विश्लेषण सहितको प्रस्ताव (परियोजनाको कूल जडान क्षमता र वार्षिक उत्पादनको अनुमान सहित)
६. सक्कल टोपो नक्शामा सर्वेक्षण क्षेत्र रेखांकन गरिएको एवंम् को-अर्डिनेट उल्लेख गरिएको विवरण,
७. परामर्शदाताको संस्था दर्ता प्रमाण पत्र,PANदर्ता,प्रबन्धपत्र,नियमावली तथा कर चुक्ता(२०७९/८०) प्रमाणका प्रमाणित प्रतिलिपिहरु,
८. अयोजनाको सम्भाव्यता अध्ययन गर्ने विषयमा परामर्शदात्री सम्झौता(Work Description, Deliverables, Consulting costआदि खुलेको),
९. प्रस्तावित आयोजना सिंचाई योग्य जमिन भित्र नपर्ने भनी जलस्रोत तथा सिंचाई विभाग वा प्रदेश सरकार अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको सिफारिस पत्र(Coordinate खुलेको),
१०. प्रस्तावित आयोजना निकुन्ज तथा आरक्षण क्षेत्र भित्र नपर्ने भनी वन तथा वातावरण मन्त्रालयको सिफारिस पत्र(Coordinate खुलेको)
११. Soft Copy Of Desk Study Report in Editable Format,
१२. प्रस्तावित सौर्य आयोजनाको क्षेत्र Lungri khola PROR HPP,२२मे.वा.(वि.उ.स.१२१३)को को क्षेत्र सँग overlap भएकोले सौर्य आयोजना विकास सम्बन्धमा Tripura Sundari hydro energy pvt. ltd.को सहमति साथै सर्वेक्षण क्षेत्र अत्यधिक धेरै प्रस्ताव गरेको हुँदा क्षेत्र घटाएर प्रस्ताव गर्नु हुन।

..............................
(नविन राज चौलागाई)
इन्जिनियर